# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ ।

मिति: २०७३।११।२२ गते

## प्रेस विज्ञप्ति
## विषय: आरोप-पत्र दायर ।

जिल्ला भक्तपुर, साविक गुण्डु गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १२८, कित्ता नं. ४१२ को क्षेत्रफल ११-८-२ र कित्ता नं. १३८ को क्षेत्रफल १-६-०-० जग्गा, मोहीको नाममा मोही दर्ता नामसारी गरी स्रेस्ता कायम गर्ने कार्यको लागी मालपोत कार्यालय भक्तपुरका नायब सुब्बा ऋषिराम बुढाथोकी र कार्यालय सहयोगी केशब बहादुर खत्रीले घुस/रिसवत बापत रू. ४,००,०००।– (चार लाख) माग गरेको भन्ने उजुरीको आधारमा पक्राउ गरी अनुसन्धान हुँदा मालपोत कार्यालय भक्तपुरका नायब सुब्बा ऋषिराम बुढाथोकी, कार्यालय सहयोगी केशब बहादुर खत्री र लेखापढी व्यवसायी बिष्णुहरी न्हितुसुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) बमोजिम कसुर गरेको देखिएकोले निज राष्ट्र सेवक नायब सुब्बा ऋषिराम बुढाथोकीलाई रू.३,००,०००।– (तीन लाख) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय (घ) बमोजिम, राष्ट्रसेवक कार्यालय सहयोगी केशब बहादुर खत्रीलाई रू.१,००,०००।– (एक लाख) बिगो कायम कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (ग) बमोजिम र लेखापढी व्यवसायी बिष्णुहरी न्हितुसुले राष्ट्रसेवक कर्मचारीहरूलाई रू. ४,००,०००।– घुस/रिसवत उपलब्ध गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र दफा ३ (१) को देहाय (घ) को कसुर अपराध गर्नमा मतियारको भूमिका निर्वाह गरेको पुष्टी हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोईराला)

सहसचिव एवं प्रवक्ता